**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०१ फरवरी २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- वित्त मंत्री निर्मला सीतारामिले वित्त वर्ष 2026-27 को बजट संसदमा पेश गर्नुभयो, क्षमता निर्माण र सुधारहरुमा बल, यसलाई युवा शक्तिद्वारा संचालित बजट बताउनु भयो।
- पश्चिम बंगालको उद्योग जगतले बजट 2026 लाई विकासोन्मुखी, संतुलित अनि दीर्घकालिक सुधारहरुमाथि आधारित रहेको बताएको छ।
- आज पेश गरिएको बजट २०२६-२७ मा सिलगड़ी–वाराणसी हाई-स्पीड रेल कॉरिडोरको विकास शामेल रहेको छ।
- बंगालमा चलिरहेको एसआईआर मुद्दालाई लिएर राज्यको मुख्यमंत्री ममता बनर्जीको भोली चुनाव आयुक्तसित भेट गर्ने कार्यक्रम रहेको छ।
- घैयाबारी स्पोटर्स ऐसोसिएसनको तत्वावधानमा चलिरहेको फुटबल प्रतियोगिता २०२६ नयाँ कमान एफ सीले जित्न सफल बनेको छ।

**बजट**

वित्त मन्त्री निर्मला सीतारामनले आज लोकसभामा वित्त वर्ष-2026-27 को बजट प्रस्तुत गर्नुभयो। यो उहाँको रेकर्ड नवौं बजेट थियो। बजट 2026-27 विशेष गरी क्षमता निर्माण र सुधारमा केन्द्रित छ। वित्त मन्त्रीले यसलाई युवा शक्ति संचालित बजेट भन्नुभयो। आत्मनिर्भर भारतको लक्ष्यका साथ, सार्वजनिक लगानीमा बढी जोड दिँदै संरचनात्मक सुधार, राजकोषीय वितव्ययिता र मौद्रिक स्थिरतालाई अनुसरण गरिएको छ।

*बाइट*

वित्त मन्त्रीले छ वटा सेक्टरहरूमा नयाँ पहलको प्रस्ताव गर्नुभयो। यसमा रणनीतिक क्षेत्रहरूमा विनिर्माणलाई तीव्र पार्ने, औद्योगिक क्षेत्रहरूको कायाकल्प गर्न, सूक्ष्म, लघु र मध्यम च्याम्पियन उद्यमहरूको निर्माण गर्नु, पूर्वाधारलाई सशक्त गर्न, दीर्घकालिक ऊर्जा सुरक्षा र स्थायित्व सुनिश्चित गर्न शहर आर्थिक क्षेत्र विकसित गर्न सामेल छन्। वित्त मन्त्रीले भारतलाई एक वैश्विक जैव-औषध विनिर्माण केन्द्रको रूपमा विकसित गर्नका लागि आगामी पाँच वर्षमा दस हजार करोड़ रुपयाँको परिव्ययको प्रस्ताव गर्नुभयो। यसले जैविक घरेलु उत्पादनको लागि वातावरण सिर्जना गर्नेछ। वित्त मंत्रीले गत वर्ष 22 हजार नौ सय 19 करोड़ रुपियाँको परिव्ययमा सुरु गरिएको इलेक्ट्रोनिक्स घटक विनिर्माण योजनाका लागि अघिबाटै लक्ष्यको दोब्बर लगानीको प्रतिबद्धता प्राप्त गरिसकेको छ। देशको सेमीकंडक्टर क्षमताहरूको विस्तार गर्ने लक्ष्य राखेको भारत अर्धचालक मिसनको पहिलो चरणबाट अघि बढ्दै दोस्रो चरण सुरु गर्ने प्रस्ताव गरिएको छ। वित्तमन्त्रीले कपडा क्षेत्रको लागि एकीकृत कार्यक्रमको प्रस्ताव गर्नुभयो।

*बाइट*

वित्त मंत्रीले मेगा टेक्सटाइल पार्क स्थापना गर्ने खादी, तथा खादी, हथकरघा र हस्तशिल्पलाई सुदृढ पार्नका लागि महात्मा गान्धी ग्राम स्वराज योजना शुभारंभ गर्ने प्रस्ताव गर्नुभयो। वित्त मन्त्रीले एक दशकदेखि भइरहेको सुधार प्रयासका कारण विभिन्न स्तरमा लगभग 25 करोड मानिसहरू गरिबीबाट बाहिर आएको बताउनु भयो।खेलो इन्डिया कार्यक्रम मार्फत खेलकुद प्रतिभाहरुको सुव्यवस्थित विकास गर्ने प्रयासलाई जारी राख्दै, वित्त मन्त्रीले अर्को दशकमा खेलकुद क्षेत्रलाई रूपान्तरण गर्न खेलो इन्डिया मिसन सुरु गर्ने प्रस्ताव राख्नुभयो। उत्तर भारतमा मानसिक स्वास्थ्य राष्ट्रीय संस्थानको रूपमा निमहांस-2 को स्थापना गर्ने र रांची र तेजपुरमा राष्ट्रिय मानसिक स्वास्थ्य संस्थानको उन्नयनको प्रस्ताव गरिएको छ। कैंसर रोगीहरुका लागि 17 दवाई र औषधिहरुमा मूल सीमा शुल्कबाट छूट दिईएको छ। आयकरमा कुनै परिवर्तन गरिएको छैन। बजेटमा संशोधित रिटर्न वा विलंबित रिटर्न फाइल गर्ने समय बढाउने प्रस्ताव गरिएको छ। संशोधित रिटर्न फाइल गर्ने समय आगामी वर्षको 31 मार्चसम्म बढाइएको छ। सरकारले लाभांश र म्युचुअल फन्ड आयमा ब्याज कटौती हटाउने घोषणा गरेको

**प्रधानमंत्री-बजट**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ केन्द्रीय बजेट 2026-27 ले मेक इन इन्डिया र आत्मनिर्भर भारतलाई नयाँ गति दिने  एक महत्वाकांक्षी मार्ग प्रशस्त गर्दछ। एक भिडियो सन्देशमा, श्री मोदीले यस वर्षको बजेटले भारतमा परिवर्तनहरूलाई नवीन ऊर्जा र गति प्रदान गर्ने बताउनुभयो। प्रधानमन्त्रीले विशेष रूपमा भन्नुभयो यो एक अनौठो बजेट हो, जसले राजकोषीय घाटा कम गर्ने र महंगाईलाई नियन्त्रण गर्नमा केन्द्रित छ। प्रधानमन्त्रीले आजको बजेट ऐतिहासिक भएको र यसले देशकी महिलाहरूको सशक्त भावनालाई दर्शाउदछ भन्नुभयो। उहाँले भन्नुभयो यो बजेट अपार अवसरहरूको राजमार्ग हो।

*बाइट*

**पश्चिम बंगाल - बजट प्रतिक्रिया**

पश्चिम बंगालको उद्योग जगतले बजट 2026 लाई विकासोन्मुखी, संतुलित अनि दीर्घकालिक सुधारहरुमाथि आधारित रहेको बताएको छ। भारत चैंबर ऑफ कॉमर्सका अध्यक्ष एन.जी. खेतानले बजटमा दीर्घकालिक विकासको लागि एक स्पष्ट दृष्टिकोण प्रस्तुत गरिएको बताउनुभएको छ। आईएमसी चैंबर ऑफ कॉमर्स एंड इंडस्ट्रीका उप-महानिदेशक संजय मेहताले बजटलाई सकारात्मक अनि दूरदर्शी बताउनुहुँदै यसमा पारंपरिक क्षेत्र अनि उदय भइरहेका प्रौद्योगिकीहरु दुवै शामेल रहेको बताउनुभएको छ। यस्तै प्रकारले मर्चेंट चैंबर ऑफ कॉमर्स एंड इंडस्ट्रीले केंद्रीय वित्त मंत्रीलाई लगातार नौ औ बजट प्रस्तुत गर्नुभएकोमा बधाई दिंदै बजटलाई व्यावहारिक, समग्र अनि दूरदर्शी बताएको छ।

**बंगाल-बजट**

केंद्रीय वित्त मंत्री निर्मला सीतारमणले आज 2026-27 वित्त वर्षको लागि पेश आम बजटमा पश्चिम बंगालको लागि तीन प्रमुख घोषणा गरिएको छ। यसमा सिलगड़ी–वाराणसी हाई-स्पीड रेल कॉरिडोर, डानकुनी–सूरत फ्रेट कॉरिडोर अनि इंटीग्रेटेड ईस्ट-कोस्ट कॉरिडोर अन्तर्गत दुर्गापुरमा औद्योगिक कॉरिडोरको विकास शामेल छन्।

*बाइट*

**ममता बजट**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले बजेटलाई हम्प्टी डम्प्टी बजेट भन्दै ,लामो बजेट भाषणको बावजुद बंगालको लागि कुनै ठोस घोषणा नगरिएको बताउनु भएको छ। उहाँले आरोप लगाउँदै भन्नुभयो केन्द्र सरकारले बंगालबाट भोट पाउने छैन भन्नेर थाहा छ, त्यसैले राज्यसित यस्तो भेदभाव भइरहेको छ। बंगालमा चलिरहेको एसआईआर मुद्दालाई लिएर ममता बनर्जीको भोली चुनाव आयोगसित भेट गर्ने कार्यक्रम छ। उहाँले मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारसित भेटगर्नु हुनेछ। आज दिल्ली प्रस्थान गर्नुअघि कोलकाता विमानस्थलमा पत्रकारहरूसितको  कुराकानीमा मुख्यमन्त्रीले केन्द्रीय बजेटलाई गार्बेज ऑफ लाइ, दिशाहीन र विज़नलेस बजट बताउनु भयो।मुख्यमन्त्रीले यो बजेटलाई पूर्णतया गरिब विरोधी, महिला विरोधी र किसान विरोधी भएको बताउनु भयो।

**मुख्यमन्त्री रघुनाथ मुर्मू पुण्यतिथि**

मुख्यमन्त्री ममता ब्यनर्जीले आज सोशल मीडिया पोस्ट ‘एक्स’-मा महान भाषातत्वविद अनि ‘अलचिकी’ लिपिका जनक पण्डित रघुनाथ मुर्मूको पुण्यतिथिमा उहाँलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो। मुख्यमन्त्रीले आफ्नो सन्देशमा, पण्डित रघुनाथ मुर्मूले सन्थाली भाषा र संस्कृतिको संरक्षण एवं विकासमा अतुलनीय योगदान दिनुभएको बताउनुभयो। ममता बनर्जीले गुरु रविदास जीको जन्मजयन्तीमा उहाँलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। आफ्नो सन्देशमा उहाँले महान संत र समाज सुधारक गुरु रविदासको जन्मजयन्तीमा उहाँप्रति सम्मान व्यक्त गर्नुभएको छ।

**जल्पेश मेला**

यस वर्ष, जल्पेश मेलाको ठेक्का एक स्थानीय व्यापारीलाई ३३ लाख रुपियाँभन्दा बढीमा दिइएको छ। यो गत वर्षको भन्दा लगभग ७ लाख रुपियाँ बढी हो। गत वर्ष, मेलाको ठेक्का २६ लाख रुपियाँमा दिइएको थियो।

*बाइट*

**गोरामुमो**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले आफ्नो संगठनलाई बिस्तार गर्दै गोर्खा राष्ट्रिय नारी संगठन केन्द्रीय समिति गठन गरेका छन्। आज कालेबुङ शेर्पा गाउँ ब्लक नम्बर एकमा गोरामुमो अध्यक्ष मन घिसिङको अध्यक्षतामा बसेको साङ्गठनिक सभामा गोरानासं केन्द्रीय समिति गठन भएको जानकारी प्राप्त भएको छ। सभामा सर्वसम्मतिले मणिकला तामाङलाई गोरानासं केन्द्रीय समितिको अध्यक्षा पदमा अनि कमला तामाङलाई उपाध्यक्षा पदमा चयन गरिएको छ।

**रेलिङ खस सम्मेलन**

आज खस भारतीय हितकारी सम्मेलन रेलिङ दङ्गे शाखाको बार्षिक आमसभा सम्पन्न गरेको छ। स्थानीय रेलिङ उच्चतर माध्यमिक विद्यालयको पुरानो भवनमा सङ्गठनका सभापति बिष्णुकान्ता शर्माको अध्यक्ष्यतामा सम्पन्न भएको थियो।

**घैयाबारी-फुटबल**

घैयाबारी स्पोटर्स ऐसोसिएसनको तत्वावधानमा चलिरहेको वार्षिक फुटबल प्रतियोगिताको फाइनल खेल आज सम्पन्न भएको छ। नयाँ कमान एफ सी अनि मिक्स अप बोईस, खरसाङ्ग माझ भएको फाइनल खेलमा आज नयाँ कमान एफ.सीले मिक्स अप बोईस खरसाङ्गलाई २ को विरुद्ध ४ गोल गरेर प्रतियोगिता जित्न बनेको छ। आज भएको फाइनल खेलमा नयाँ कमान एफ सीको बिरेन प्रधान म्यान अफ द म्याच भएका छन् भने म्यान अफ द सिरिज मिक्स अप बोइसको बोरो जुनियरले जितेका छन्।

**रङदु खेल**

युवाहरुलाई खेलको क्षेत्रमा प्रोत्साहन गर्ने उद्येश्य लिएर रङदु खेल मैदानमा अन्तर भिलेज लिग फुटबल टुर्नामेन्ट शुरू भएको छ। यस खेलमा विशेष विशेष 12 वटा दलहरुले भाग लिइरहेको छ। यु जी आर एफ सी अनि प्रगति संघ र ग्राम सुधार समितिको संयुक्त आयोजनामा सम्पन्न गरिएको यस खेलमा विजयी दललाई नगद पुरस्कार 30,000 रूपियाँ अनि उप विजयी दललाई नगद पुरस्कार 20,000 रूपियाँ लगायत आकर्षक ट्रफीहरु प्रदान गरिने जानकारी पनि प्राप्त भएको छ।

****** ० ******